## *न्याय प्रक्रियामा बालसंवेदनशीलता*
## बालबिज्याँईसम्बन्धी घटनाहरूको अनुसन्धान तथा तहकिकात

बालबिज्याँईसम्बन्धी घटनाहरूको अनुसन्धानका क्रममा विभिन्न कानूनमा भएका व्यवस्थाका साथै बालन्याय सम्बन्धी विभिन्न अन्तर्राष्ट्रिय मान्यतानूरुप बालसंवेदनशीलताका लागि निम्न कुराहरूमा ध्यान दिनु उपयुक्त हुन्छ:

- बालबालिकाले सुरक्षित महसुस गर्ने वातावरण सिर्जना गर्नु पर्दछ ।
- बालबालिकाको नजिकको व्यक्ति वा नातेदारको खोजी वा पहिचान गरी उनीहरूलाई कारवाही प्रक्रियाको बारेमा यथार्थ जानकारी गराउनु पर्दछ ।
- गिज्याउने, होच्याउने वा अन्य नकारात्मक कुरा गरी तर्साउने कार्य गर्नु हुँदैन ।
- समस्या समाधानमा प्रहरी, अभिभावक लगायत सबै प्रयत्नरत रहेको र बालक एक्लो नभएको भनी सम्झाउनु पर्दछ ।
- बाालबालिकाले बझ्न सक्ने उमेर सुहाउँदो भाषाको प्रयोग गर्नु पर्दछ । आवश्यकतानुसार दोभाषे राख्नु पर्दछ ।
- सोधपुछका क्रममा केरकार नगरी कुराकानीका आधारमा घटनासम्बन्धी जानकारी लिने प्रयत्न गर्नु पर्दछ ।

| | |
|---|---|
| **बालकको तर्फबाट मुद्दा गर्न पाउने:**<br>(१) बालकको हक पुग्ने जुनसुकै कुरामा निजको बाबु, आमा वा संरक्षकले वा उनीहरू नभएको अवस्थामा बालकको नजिकको हकवालाले नालिस उजूर वा प्रतिरक्षा गर्न सक्नेछन् ।<br>(२) यस ऐनबमोजिम सजाय हुने कसूरसम्बन्धी मुद्दा जुनसुकै व्यक्ति वा नेपाल सरकारको उजूरीबाट चल्न सक्नेछ । | बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ५१ । |
| **व्यक्तिगत परिचयात्मक विवरण गोप्य राख्नु पर्ने:**<br>नेपाल सरकार वादी हुने तोकिए बमोजिमका मुद्दामा अपराधको सूचना दर्ता भएदेखि मुद्दाको अन्तिम किनारा भई फैसला कार्यान्वयन नभएसम्म सम्बन्धित अनुसन्धान तथा अभियोजन गर्ने अधिकारी र अदालतले मुद्दाका पक्ष, पीडित वा निजको बाबु आमाको वास्तविक नाम, थर र वतनको छुट्टाछुट्टै सङ्केत नाम दिई व्यक्तिगत परिचयात्मक विवरण गोप्य राख्नु पर्नेछ । | सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ को दफा ३०क । |

- अनुसन्धान गर्दा प्रत्येक प्रहरी कार्यालयले बालबालिकासम्बन्धी बालन्याय अनुसन्धान अधिकृत तोक्नु पर्छ ।
- हिरासतमा राख्ने कार्यलाई अन्तिम विकल्पको रुपमा प्रयोगमा ल्याउनु पर्छ ।
- बालबालिका प्रतिवादीलाई नियन्त्रणमा नलिएर पनि अनुसन्धान हुनसक्ने अवस्थामा सोही अनुसार गर्नु पर्दछ ।
- बालबालिकालाई नियन्त्रणमै लिनुपर्ने अवस्थामा प्रहरी कर्मचारीले सादा पोशाक लगाउनुपर्छ । बालिकालाई नियन्त्रण लिन यथाशक्य सादा पोशाकका महिला प्रहरी हुनुपर्छ ।
- बालबालिकालाई नियन्त्रणमा लिनुपर्दा नियन्त्रणमा लिने अधिकारीले आफ्नो परिचय दिई परिचय खुल्ने कागजात देखाएर र नियन्त्रणमा लिनु परेको कारणका बारेमा जानकारी दिएर तथा बल प्रयोग नगरीकन नियन्त्रणमा लिनुपर्छ ।
- नियन्त्रणमा लिइएको बालबालिकालाई अपराध अनुसन्धानको क्रममा नियन्त्रणमा रहँदा निजलाई प्राप्त हुने निजको संवैधानिक तथा कानूनी हकका बारेमा निजले बुझ्ने भाषामा जानकारी गराउनुपर्छ । जस्तो:
  - कानून व्यवसायीसँग परामर्श गर्न पाउने अधिकार,
  - नियन्त्रणमा परेको २४ घण्टाभित्र मुद्दा हेर्ने अधिकारीसमक्ष उपस्थित गराई पाउने अधिकार,
  - कसूरदार प्रमाणित नभएसम्म निर्दोष मानिने अधिकार,
  - आफ्नो विरुद्ध बयान दिन बाध्य हुनु नपर्ने अधिकार,
  - यातना एवं अमानवीय वा अपमानजनक व्यवहार विरुद्धको अधिकार ।

- बालबालिकालाई नियन्त्रणमा लिँदा सम्भव भएसम्म नियन्त्रणमा लिइने बालबालिकाको बाबुआमा भए दुवैलाई वा कम्तीमा एकजनालाई र बाबुआमा नभए निजको संरक्षकलाई बालबालिकाले गरेको कसूरका सम्बन्धमा सूचना दिएर र हतकडी नलगाएर नियन्त्रणमा लिनुपर्छ । पक्राउ परेलगत्तै नजिकको स्वास्थ्य संस्थामा लगी शारीरिक तथा मानसिक स्वास्थ्य जाँच गराउनु पर्दछ ।
- नियन्त्रणमा रहेको बालबालिकालाई निजले कानून व्यवसायी राख्नसक्ने कुरा बताईदिनुपर्छ र कानून व्यवसायीसँग भेटघाटको प्रबन्ध मिलाई दिनुपर्छ ।

- कुनै बालबालिकालाई अनुसन्धानको क्रममा नियन्त्रणमा राखिरहन आवश्यक नदेखिएमा सम्बन्धित अनुसन्धान अधिकृतले त्यस्तो बालबालिकालाई निजको बाबु, आमा वा संरक्षकको जिम्मामा हाजिर जमानीमा छोड्ने ।

| | |
|---|---|
| प्रचलित कानूनबमोजिम थुनामा राखी मुद्दाको तहकिकात गर्नुपर्ने कुनै कसूरको अभियोग लागेको बालकको शारीरिक अवस्था, उमेर, कसूर गर्दाको परिस्थिति र थुनामा बस्नुपर्ने ठाउँलाई ध्यानमा राख्दा निजलाई थुनामा राख्न उपयुक्त हुँदैन भन्ने कुरा मुद्दा हेर्ने अधिकारीलाई लागेमा चाहिएको बखत उपस्थित गराउने शर्तमा निजको बाबु, आमा, नातेदार वा संरक्षकको जिम्मा लगाई वा बालकको हकहितको संरक्षण गर्ने कार्यमा संलग्न कुनै सामाजिक संस्था वा बाल सुधार गृहको जिम्मा लगाई मुद्दाको तहकिकात वा पुर्पक्ष गर्ने आदेश दिन सक्नेछ । | बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ५०(१) |

- बालबालिकालाई हिरासतमा राख्दा वयस्क थुनुवाको साथमा राख्नु हुँदैन । यस्ता बालबालिकालाई बाल सुधार गृहमा वा बाल सुधार गृहका रुपमा सञ्चालित बालकल्याण गृह वा अन्य सामाजिक संस्थामा राख्नुपर्छ ।
- बालबालिकाको मुद्दालाई प्राथमिकतामा राखी अनुसन्धान तहकिकातको कार्य शीघ्र सम्पन्न गर्नुपर्छ ।
- हिरासतमा रहेको बालबालिकाहरूलाई मानवोचित व्यवहार गर्नुपर्छ र आफन्तसँग भेटघाट गर्न दिनुपर्छ ।
- बालबालिकालाई गुणस्तरयुक्त, पुग्ने परिमाणको र ठीक समयमा खाना उपलब्ध गराउनुपर्छ ।
- नियन्त्रणमा रहेको बालबालिकालाई शारीरिक वा मानसिक कुनै पनि यातना दिनु हुँदैन र थुनामा रहेको कारण निज बालबालिकाको बाल मस्तिष्कमा पर्न सक्ने नकारात्मक असर पर्न नदिनेतर्फ सदैव सचेष्टता अपनाउनु पर्छ ।

**बालबालिकाको बयान**

अनुसन्धान अधिकृतले सरकारी वकिलसमक्ष निम्न बमोजिमको कुरामा विचार गरी बयान गराउनु पर्दछ :
- बालबालिकालाई शारीरिक वा मानसिक यातना तथा अपमानजनक व्यवहार नगरीकनै बयान लिनुपर्छ ।
- बालबालिकाको बयान लिदा प्रहरी कर्मचारीले प्रहरीको पोशाक नलगाई सादा पोशाक लगाउनुपर्छ ।
- अनुसन्धान तथा तहकिकात गर्ने अधिकारीले बालकसंग सहज र सरल भाषामा तथा बालमैत्री वातावरणमा सोधपुछ गर्नु पर्दछ । आवश्यक परेमा दोभाषेको व्यवस्था गर्नुपर्छ ।
- बालकलाई एक पटकमा एक घण्टाभन्दा लामो समयसम्म र रातको समयमा सोधपुछ गर्नु हुँदैन ।
- बाबालिकाको शारीरिक वा मानसिक अवस्थाका कारण तत्काल बयान दिनसक्ने वा नसक्ने कुरा यकीन गरेरमात्र बयान लिनु पर्छ ।
- कानून व्यवसायीसँग भेटघाटको सुविधा दिँदा एकान्त रुपमा भेटघाटको व्यवस्था मिलाई दिनुपर्छ ।
- सरकारी वकील कार्यालयमा बयानको लागि बालबालिकालाई लैजादा हतकडी नलगाई सादा पोशाकका प्रहरीद्वारा लगिनुपर्छ र साथै अन्य वयस्क अभियुक्तसँग साथै पनि लैजानु हुँदैन ।
- बालबालिकाको उमेर यकीन गरेरमात्र (यथाशक्य जन्ममिति खुलाई) बयानमा उमेर लेख्नुपर्छ ।

बालबालिकाको बयान लिदा माथि उल्लिखित कुराहरूका अतिरिक्त देहायका विषयमा पनि ध्यान दिन आवश्यक छ:
- बालबालिकाको बयान लिने कार्य गर्दा उनीहरूको कुरा ध्यान दिएर सुन्नु पर्दछ ।
- बालबालिकाले असहज मानेको अवस्थामा बन्द अथवा छोटो उत्तर आउने प्रश्न सोध्ने र वातावरण सहज भएपछि खुला प्रश्न गर्ने तथा आवश्यक परेमा पुरक प्रश्न सोध्नु पर्दछ ।
- एकदमै व्यक्तिगत विषय जस्तै हिंसा, यौनशोषण, पारिवारिक समस्या र सडकमा रहेका अवस्था आदि जस्ता विषय खोतल्दा अन्तर्वार्ताकार बढी संवेदनशील हुनुपर्छ । उसले बालबालिकाको बोलीको गति, संवेगलाई ध्यान दिई होसियारीपूर्वक सुन्ने, संवेदनशील हुने र प्रशंसा गर्ने गर्नुपर्छ ।
- उनीहरूलाई आफ्ना विचार अभिव्यक्त गर्न वातावरण तयार गर्नुपर्दछ ।
- जिल्ला बालकल्याण समितिले सामाजिक अध्ययनका लागि तयार गरेको व्यक्ति वा संस्थाको अध्यावधिक विवरण माग गरी त्यस्ता सामाजिक अध्ययनका लागि सूचिकृत व्यक्ति वा संस्थाको अभिलेख राख्नु पर्दछ ।
- जिल्ला बालकल्याण समितिले सूचिकृत गरेको सेवा प्रदान गर्ने व्यक्ति वा संस्थालाई सम्बन्धित बालकका सम्बन्धमा बाल न्याय (कार्यविधि) नियमावली, २०६३ को अनुसूचीबमोजिमको ढाँचामा सामाजिक अध्ययन प्रतिवेदन तयार गरिदिन अनुरोध गर्नु पर्दछ ।
- उमेरको हकमा अस्पतालको जन्म प्रमाणपत्र, स्थानीय पञ्जिकाधिकारीले दिएको जन्मदर्ता प्रमाणपत्र वा विद्यालयमा भर्ना हुँदाको बखत तथा चारित्रिक प्रमाणपत्रमा उल्लेख गरेको जन्ममितिको आधार लिनु पर्दछ । एकभन्दा बढी उमेर निर्धारणका कागजातहरू आपसमा बाझिएमा सबैभन्दा पहिले अस्पतालबाट जारी गरिएको बालकको जन्म प्रमाणपत्र,सो कागजात नभएमा स्थानीय पञ्जिकाधिकारीको कार्यालयबाट जारी भएको जन्मदर्ता प्रमाणपत्र, सो पनि नभएमा विद्यालय चारित्रिक प्रमाणपत्रमा उल्लिखित जन्ममिति वा विद्यालयमा भर्ना हुँदाको बखत उल्लेख गरेको जन्ममिति कायम गर्नुपर्छ र सो पनि नभएमा सरकारी अस्पतालमा जाँच गर्न पठाई त्यहाँबाट प्रमाणित भई आएको उमेर कायम गर्नुपर्छ । अस्पतालबाट उमेर एकीन भई आउदा तल्लो उमेरलाई कायम गरिनु पर्दछ ।